# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।२५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

यातायात व्यवस्था कार्यालय, जुम्लामा सवारी चालक अनुमतिपत्र वितरणमा अनियमितता भएको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा यातायात व्यवस्था कार्यालय जुम्लाको परीक्षा समितिको मिति २०७५/०५/२५ गतेको निर्णय अनुसार वर्ग A र K को सवारी चालक अनुमतिपत्रको **लिखित परीक्षा** मिति २०७५/०६/१४ र १५ गते सञ्चालन गर्ने गरी निर्णय भएबमोजिम करिव २३४६ जना अस्वाभाविक परीक्षार्थी सहभागी एवं परीक्षा समितिको मिति २०७५/०६/२३ को निर्णयमा मिति २०७५ असोज १८, १९ र २० गते संचालन गरिएको वर्ग A र K को **प्रयोगात्मक** परीक्षामा जम्मा सहभागी संख्या २२०६ जना अस्वाभाविक परीक्षार्थी सहभागी भएको देखिने अभिलेख यातायात व्यवस्था कार्यालय जुम्लाबाट प्राप्त भएको, कानूनी प्रक्रिया पूरा गरी गराई मात्र सवारी चालक अनुमति पत्र वितरण गराउनुपर्नेमा बदनियत राखी उक्त कार्यालयको स्वभाविक क्षमता भन्दा अधिक तथा अस्वाभाविक संख्याको परीक्षार्थीहरूलाई लिखित तथा प्रयोगात्मक परीक्षामा सामेल गरे गराएको देखाई वर्ग A र K को सवारी चालक अनुमति पत्र दिए दिन लगाएको देखिएको, यातायात व्यवस्था कार्यालय जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख तथा परीक्षा समितिका अध्यक्ष मदन प्रसाद देवकोटा, सदस्यहरू शम्भु दाहाल र गंगाराम बि.क. संलग्न रही बि.सं. २०७५ को भाद्र र असोज महिनाका विभिन्न मितिहरूमा सवारी चालक अनुमति प्राप्तिको लागि आवेदन, लिखित परीक्षा र प्रयोगात्मक परीक्षा संचालन गर्ने गराउने सम्वन्धमा निर्णय गरे गराएको, सोही निर्णयानुसार वर्ग A र K को सवारी चालक अनुमतिपत्रको लिखित परीक्षा मिति २०७५/०६/१४ र १५ गते सञ्चालन गरेको उक्त मितिहरूमा करिव २३४६ जना अस्वभाविक संख्याका परीक्षार्थीहरूले लिखित परीक्षा दिएको तथा मिति २०७५/०६/२३ को निर्णयमा मिति २०७५ असोज १८, १९ र २० गते संचालन गरिएको वर्ग A र K को प्रयोगात्मक परीक्षामा जम्मा सहभागी संख्या २२६२ रहेको देखिने गरी अभिलेख सहितको निर्णय गरे गराएको सोही निर्णयको आधारमा जम्मा सहभागी संख्या २२६२ (बाइस सय बैसठ्ठी) बाट अनुपस्थित संख्या ५६(छपन्न) घटाउँदा २२०६ (बाइस सय छ) जना अस्वभाविक संख्याको परीक्षार्थीहरूले २०७५ सालको असोज १८, १९, २० गते गरी जम्मा ३(तीन) दिनमा प्रयोगात्मक परीक्षा दिए दिन लगाएको देखिने अभिलेख तयार गरे गराएको देखिएको, यातायात व्यवस्था सेवा कार्यालय, जुम्लाको मिति २०८१/१२/२० को पत्रानुसार "A Category को सवारी लाइसेन्स प्रयोगात्मक परीक्षाको लागि यस कार्यालयको उपलब्ध जनशक्ति र भौतिक संरचना अनुसार न्यूनतम ५१ देखि अधिकतम २६५ जनाको सञ्चालन हुने गरेको, यस कार्यालयबाट वितरण हुने A Category को सवारी लाइसेन्स प्रयोगात्मक परीक्षाको लागि यस कार्यालयको उपलब्ध जनशक्ति र भौतिक संरचना अनुसार न्यूनतम २०० देखि अधिकतम २५० जनाको सञ्चालन सम्भव छ" भन्ने व्यहोरा पत्रमार्फत खुलाई लेखिपठाएको देखिएबाट अस्वभाविक तथा असम्भव जम्मा संख्या २२०६ जना परीक्षार्थीहरूको ३ दिनको अवधीमा प्रयोगात्मक परीक्षा संचालन गरेको देखिने गरी भए गरेको वास्तविक परीक्षामा सहभागी संख्यामा थपघट हेरफेर गरी गराई निर्धारित मापदण्ड र मर्यादा विपरीत परीक्षामा सहभागी नभएका नरहेकालाई सहभागी भएको देखाई सोही बमोजिम लिखतहरू तयार गरी गराई परीक्षाको परिमाण फेरबदल गरेको देखिएको।

यातायात व्यवस्था सेवा कार्यालय जुम्लाको पत्रानुसार A र K वर्गको सवारी चालक अनुमति पत्र प्राप्त गर्ने गरी लिईएको लिखित परीक्षाको उत्तरपुस्तिका, परीक्षा समितिको मिति २०७५/०६/१४ र १५ गते सञ्चालित लिखित परीक्षाको नतिजाको चेकलिष्ट, मिति २०७५/०६/१८,१९ र २० गते सञ्चालित A र K वर्गको प्रयोगात्मक परीक्षाको नतिजाको चेकलिष्ट र प्रयोगात्मक परीक्षाको नतिजालाई कम्प्युटरमा प्रवृष्टि गर्ने गरी भएको परीक्षा समितिको २०७५/०६/२३ को निर्णय प्राप्त हुन आएकोमा १६(सोह्र) जना परीक्षार्थीहरूमध्ये दुई-दुई जना परीक्षार्थीहरूको एउटै रजिष्ट्रेशन नम्बर भएका १६(सोह्र) प्रति उत्तरपुस्तिका फेला परेको जसबाट दुई जना परीक्षार्थीहरूलाई एकै रजिष्ट्रेशन नम्बर उपलब्ध गराई परीक्षामा सहभागी गराई पास समेत गरे गराएको देखिएको, परीक्षार्थीको उत्तरपुस्तिकाको नतिजामा प्राप्ताङ्क १०+ पास भनी प्रमाणित गरे गराएको, एउटै नाम र रजिष्ट्रेसन नम्बर भएका मालिका अधिकारी, सुमन कुमार महतारा र धर्मराज अधिकारी गरी जम्मा ३(तीन) जना परीक्षार्थीहरूको दुईवटा उत्तरपुस्तिका रहेको देखिएको, एकै परीक्षार्थीलाई दुई पटक लिखित उत्तरपुस्तिका उपलब्ध गराएको दुवै उत्तरपुस्तिकाको नतिजामा प्राप्ताङ्क १०+ पास भनी प्रमाणित समेत गरे गराएको, रजिष्ट्रेसन नम्बर 2712537N भएका परीक्षार्थी प्रेम ब. सोङको लिखित उत्तरपुस्तिकाको पछाडि पट्टि 'Pass गराउनुपर्ने' लेखिएको र निजको उत्तरपुस्तिकाको नतिजामा प्राप्ताङ्क १०+ पास भनी प्रमाणित समेत गरे गराएको, रजिष्ट्रेसन नं. 2712666N भएका परीक्षार्थी नन्द प्रसाद देवकोटाको लिखित उत्तरपुस्तिकाको नतिजामा प्राप्ताङ्क १०+ पास भनी प्रमाणित समेत गरेको तर निजको लिखित परीक्षाको नतिजा चेकलिष्टमा भने फेल भनेर जनाइएको देखिएको, दुई जना परीक्षार्थीहरू क्रमशः जंग बहादुर योगी र भगवती श्रेष्ठको लिखित उत्तरपुस्तिकामा डट (·) चिन्ह लगाएको देखिएको, तोकिएको नियमअनुसार ठीक चिन्ह (√) लगाउनुपर्नेमा सो बाहेक अन्य चिन्ह लगाएको उत्तरपुस्तिकामा नतिजामा प्राप्ताङ्क १०+ पास भनी प्रमाणित गरे गराएको, ३(तीन) जना परीक्षार्थीहरू क्रमशः अनन्त जैसी, पुरी लाल पाण्डे र पवन कुमार वि.सी.को लिखित परीक्षाको नतिजा चेकलिष्टमा अनुपस्थित भनी जनाईएको, सवारी चालक अनुमति पत्र वितरण सम्बन्धी कानूनी प्रक्रिया अनुसार लिखित परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरूलाई मात्र प्रयोगात्मक परीक्षामा सहभागी गराइने व्यवस्था रहेको भए तापनि उल्लिखित ३(तीन) जना परीक्षार्थीहरूलाई प्रयोगात्मक परीक्षामा सहभागी गराईएको भन्ने प्रयोगात्मक परीक्षाको नतिजा चेकलिष्टबाट देखिएको, उल्लिखित ३(तीन) जना परीक्षार्थीहरूमध्ये २(दुई) जना परीक्षार्थीहरूको प्रयोगात्मक परीक्षाको नतिजा पास र १(एक) जनाको नतिजा फेल रहेको प्रयोगात्मक परीक्षाको नतिजा चेकलिष्टबाट तथ्य देखिएबाट प्रतिवादीहरूको बदनियत थप पुष्टि भएको देखिएको, यातायात व्यवस्था कार्यालय, जुम्लाको परीक्षा समितिको मिति २०७५।०६।२३ को निर्णयानुसार मिति २०७५ असोज १८, १९ र २० गते सञ्चालित A र K वर्गका सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा कार्यालयको तत्कालीन भौतिक क्षमता र सीमित जनशक्ति हुँदा निर्धारित मापदण्ड तथा मर्यादा विपरीत वास्तविक भए गरेको भन्दा अस्वाभाविक बढी संङ्ख्या थपघट गरी गराई प्रयोगात्मक परीक्षामा संलग्न रहेको भनी लिखत तयार गरी गराई परीक्षाको परिणाम फेरवदल गरे गराएको, उल्लिखित अस्वभाविक तथा असम्भव जम्मा संख्या २२०६ जना परीक्षार्थीहरूको ३ दिनको अवधीमा प्रयोगात्मक परीक्षा संचालन गरेको देखिने गरी भए गरेको वास्तविक परीक्षामा सहभागी संख्यामा थपघट हेरफेर गरी गराई निर्धारित मापदण्ड र मर्यादा विपरीत परीक्षामा सहभागी नभएका नरहेकालाई सहभागी भएको देखाई सोही बमोजिम लिखतहरू तयार गरी गराई परीक्षाको परिमाण फेरबदल गरेको तथ्य थप स्थापित भएको देखिएको।यातायात व्यवस्था विभाग मिनभवनको मिति २०८२।०९।१६ को पत्रसाथ प्राप्त विवरणमा परीक्षार्थीहरूलाई यातायात व्यवस्था कार्यालय जुम्लामा मिति २०७५ असोज १८, १९ र २० गते सञ्चालित A र k वर्गको प्रयोगात्मक परीक्षामा फेल जनाईएका माया भण्डारी समेत ६(छ) जना र अनुपस्थित जनाइएका निरज शाही समेत ७(सात) जना गरी जम्मा १३(तेह्र) जनालाई सवारी चालक अनुमतिपत्र जारी गरे गराएको, कम्प्युटरमा फेल/अनुपस्थित प्रवृष्टि गरेको नतिजा विवरणलाई यातायात

व्यवस्था कार्यालय जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुखले User ID 467 प्रयोग गरी फेल/अनुपस्थितबाट पास मा edit गरी सवारी चालक अनुमति पत्र जारी गरको भन्नेसमेत व्यहोरा देखिएको, उक्त पत्रानुसार तत्कालीन निमित्त कार्यालय प्रमुख मदन प्रसाद देवकोटाले अन्य प्रतिवादीहरूसँगको मिलेमतोमा बदनियत राखी परीक्षार्थीहरूको परीक्षाको परिणाममा थपघट फेरबदल गरी गराई अनुत्तीर्ण/अनुपस्थित परीक्षार्थीलाई उत्तीर्ण भएको भनी अभिलेख सच्चाई परीक्षाको परिणाम फेरबदल गरे गराएको, प्रयोगात्मक परीक्षाको चेकलिष्टमा हस्ताक्षर गरी नतिजा कम्प्युटरमा प्रवृष्टि गर्ने र सवारी चालक अनुमतिपत्र जारी गर्ने गरी सम्बन्धित अधिकारीलाई सिफारिस गर्ने कार्यमा यातायात व्यवस्था कार्यालय जुम्लाका तत्कालीन नायब सुब्बा धनसिहं थापा, तत्कालीन कम्प्युटर अपरेटर जागेश्वर थारू र तत्कालीन खरिदार मिलन बुढथापा समेत संलग्न रहे भएको देखिंदा प्रतिवादीहरूको आपसी मिलेमतो तथा योजनामा बदनियत राखी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ र यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (शंसोधन सहितको) लगायतका प्रचलित कानुनले तोकेको निर्धारित मापदण्ड विपरीत कार्यालयको जनशक्ति, परीक्षा सञ्चालन गर्ने स्थान एवं क्षमता भन्दा बढी संख्यामा परीक्षार्थीहरू सहभागी तथा A र K वर्गको सवारी चालक अनुमतिपत्रको लिखित र प्रयोगात्मक परीक्षा संचालन गरे गराएको देखाई यातायात व्यवस्था कार्यालय तथा विभाग समेतका सरकारी तथा सार्वजनिक निकायका विद्युतीय एवं कागजातका अभिलेखमा परीक्षाको परिणाम अनाधिकार एवं गैरकानुनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने र हेरफेर गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुर गरेकोले निजहरुलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>**देहाय**</u>

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | यातायात व्यवस्था कार्यालय, जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख **मदन प्रसाद देवकोटा,** तत्कालीन मेकानिकल सुपरभाइजर **शम्भु दाहाल,** तत्कालीन नायब सुब्बा **धनसिहं थापा**, तत्कालीन कम्प्युटर अपरेटर **जागेश्वर थारु** र तत्कालीन खरिदार **मिलन बुढथापा** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुरमा सोही ऐनको दफा ११ र दफा १३ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला प्रहरी कार्यालय, जुम्लाका तत्कालीन प्रहरी नायव निरीक्षक गंगाराम वि.क. भन्ने **गंगाराम विश्वकर्मा** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १३ बमोजिमको कसुरमा सोही ऐनको दफा ११ र दफा १३ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने